नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**स्वप्न बगैंचा विकास समिति**
केसर महल, काठमाण्डौ

# सिलबन्दी बोलपत्र आव्हानको सूचना

यस विकास समितिको लागि ७ जना सुरक्षा गार्ड उपलब्ध गराउन चाहने इच्छुक फर्म वा कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वक सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी बोलपत्र फारम पेश गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले फर्म दर्ता, मूल्य अभिवृद्धि कर (भ्याट), आयकर दर्ता प्रमाणपत्र, आ.व. २०८२।०८३ सम्मको आयकर चुक्ताको प्रमाणपत्र समेत सिलबन्दी बोलपत्र फारम साथ संलग्न राख्नु पर्नेछ । सिलबन्दी बोलपत्रमा मूल्य अभिवृद्धि कर समावेश भएको हुनु पर्दछ ।
२. सिलबन्दी बोलपत्र फारम मिति २०८३/०४/२७ गते देखि मिति २०८३/०५/१० गतेसम्म कार्यालय समय भित्रमा रु. १,०००/- फिर्ता नहुने गरी विकास समितिको कार्यालयबाट खरिद गरी मिति २०८३/०५/११ गते दिनको ११ बजेभित्र समितिको कार्यालयमा बुझाउन सकिनेछ । निर्धारित समयमा दर्ता भएका सिलबन्दी बोलपत्रहरु मिति २०८३/०५/११ गते दिनको १ बजे समितिको कार्यालयमा पेश गर्ने फर्मका प्रतिनिधि समेतको उपस्थितिमा खोलिनेछ । सम्बन्धित फर्मका प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. इच्छुक फर्म/कम्पनीले सिलबन्दी बोलपत्रकासाथ प्रति महीनाको दरभाउ उल्लेख गर्नु पर्नेछ ।
४. सिलबन्दी बोलपत्रका साथमा कम्पनीको प्रोफाइल पनि पेश गर्नु पर्नेछ ।
५. करारको अवधि १ वर्षको हुनेछ ।
६. सिलबन्दी बोलपत्रको मान्य अवधि ३ महीनाको हुनेछ ।
७. इच्छुक फर्म वा कम्पनीले प्रस्तावित मूल्यको २.५ (अढाइ) प्रतिशत बराबरको नगद जमानत वा बैंक ग्यारेण्टी (बिड वण्ड) सिलबन्दी बोलपत्रका साथ संलग्न गरी स्वप्न बगैंचा विकास समितिको नाममा पेश गर्नुपर्नेछ । बिड वण्डको मान्य अवधि ३ महीना भएको हुनु पर्नेछ ।
८. रीत नपुगी आएको सिलबन्दी बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार स्वप्न बगैंचा विकास समितिमा निहित रहनेछ ।
१०. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।
११. थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र स्वप्न बगैंचा विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
स्वप्न बगैंचा विकास समिति
केसर महल, काठमाडौं, नेपाल